कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालीकोट

☎ ०८७–४४०११८/२०९

पत्र संख्याः- २०८१/८२ मितिः २०८१/०४/३०

सूचना नं.४

विषयः **सिचाइ योजना निर्माण तथा मर्मत संभारका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रम अनुसार यस जिल्लाको प्रदेश सभा निर्बाचन क्षेत्र १(क) र १(ख) मा स्थानीय आवस्यकताका आधारमा साना सिँचाई योजना निर्माण तथा मर्मत संभार गर्न अनुदान सहयोग उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक कृषक समूह/सहकारी/उपभोक्ता समितिबाट प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८१/०५/२८ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न जानकारी गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । प्रस्तावहरुको मूल्याङ्कन तथा छनौट सम्बन्धि कार्य कृषि तथा सहकारी सम्बन्धि कार्यक्रम (संचालन तथा ब्यवस्थापन) कार्यबिधि २०८१ अनुसार हुनेछ। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८/२०९* मा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजातहरुः</u>

१) सम्बन्धित वडाका जनप्रतिनिधिको उपस्थितिमा प्रस्ताबित सिंचाई प्रभावित क्षेत्रका कृषकहरु सम्मिलित उपभोक्ता समिति गठन भएको निर्णयको प्रतिलिपि,

२) साना तथा मझौला सिंचाई निर्माण तथा मर्मत संभार गर्न निर्दिष्ट विबरण भरिएको निबेदन,

३) उपभोक्ताहरुको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि र तिनिहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

४) सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख